# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. र २६घ३. ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २६ग. र २६घ. को प्रयोजनको लागि मोही लागेको जग्गाको जग्गावाला र मोहीले त्यस्तो जग्गा बाँडफाँड गरी लिन निवेदन दिनु पर्ने तथा त्यस्तो जग्गाको जग्गावाला र मोहीबीच जग्गा बाँडफाँड गरी कारबाही टुङ्गो लगाई सक्नु पर्ने अवधि तोकी खण्ड ६६, सङ्ख्या २२, मिति २०७३।०५।०६ को नेपाल राजपत्र भाग ५, खण्ड ६७, सङ्ख्या ३८, मिति २०७४।०७।२४ को नेपाल राजपत्र भाग ५, खण्ड ६८, सङ्ख्या ४६, मिति २०७५।०९।१६ को नेपाल राजपत्र भाग ५, खण्ड ६९, सङ्ख्या २५ मिति २०७६।०५।३० को नेपाल राजपत्र भाग ५ तथा खण्ड ७०, सङ्ख्या ४७, मिति २०७७।१२।०९ को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरेकोमा पुनः सो ऐनको दफा २६घ१. ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने अवधि संवत् २०८२ साल चैत्र मसान्तसम्म र दफा २६घ३. ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीबीच बाँडफाँड गरी

कारवाहीको टुङ्गो लगाई सक्नु पर्ने अवधि संवत् २०८३ साल असार मसान्तसम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
राम प्रसाद थपलिया
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३